# २०८१ वैशाख १० गतेको मन्त्रिपरिषद् बैठकका निर्णयहरू

| क्र.सं. | मन्त्रालय | निर्णयको सङ्क्षिप्त व्यहोरा |
|---|---|---|
| १ | अर्थ मन्त्रालय | कोशी प्रदेशमा पदमार्गमा आधारित पर्यटन विकास परियोजना कार्यान्वयनका लागि स्वीस सरकारबाट प्राप्त हुने ९० लाख १० हजार स्वीस फ्रैंक बराबरको अनुदान सहायता स्वीकार गर्ने। |
| २ | अर्थ मन्त्रालय | कोरिया अन्तर्राष्ट्रिय सहयोग निकाय (KOICA) बाट पोखरा महानगरपालिकामा Green Job Creation through Recycling and Upcycling परियोजनाको लागि प्राप्त हुने अमेरिकी डलर ९.८ मिलियन अनुदान सहायता स्वीकार गर्ने। |
| ३ | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | २०८१ वैशाख १५ र १६ मा काठमाडौंमा हुने नेपाल-चीनको तिब्बत व्यापार सहजीकरण समितिको १२औं बैठकको वार्ता तथा छलफलको कार्यसूची स्वीकृत गर्ने र उक्त बैठकमा सहभागी हुन मन्त्रालयका सहसचिवको संयोजकत्वमा वार्ता टोली गठन गर्ने। |
| ४ | गृह मन्त्रालय | विपद्बाट क्षति भएका तथा जोखिममा रहेका निजी आवास प्रबलीकरण, पुनर्स्थापन तथा पुनर्निर्माण गर्न तीन तहको सहलगानी हुन सक्ने गरी विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली संशोधन गर्ने। |
| ५ | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | सांस्कृतिक संस्थानको रिक्त सञ्चालक पदमा काठमाडौं निवासी श्री पुजा श्रेष्ठलाई चार वर्षका लागि मनोनयन गर्ने। |
| ६ | नेपाल सरकार र कतार सरकारबिच हुने विभिन्न विषयका समझदारीपत्रहरू स्वीकृत गर्ने र समकक्षी मिलाई हस्ताक्षर गर्ने स्वीकृति दिने। | |
| ७ | लगानी सहजीकरणसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको अध्यादेश जारी गर्न सम्माननीय राष्ट्रपतिज्यूसमक्ष सिफारिस गर्ने। | |
| ८ | सचिव श्री मधुकुमार मरासनीलाई अर्थ मन्त्रालयको सचिव पदमा र सचिव डा. कृष्णहरि पुष्करलाई प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सचिव पदमा सरुवा गर्ने। | |
| ९ | सम्माननीय राष्ट्रपति श्री रामचन्द्र पौडेलको मैत्रीपूर्ण निमन्त्रणामा मित्रराष्ट्र कतारका अमिर मौसूफ शेख तमिम बिन अल थानीले गर्नुहुने नेपालको राजकीय भ्रमणका अवसरमा संवत् २०८१ साल वैशाख ११ गते मङ्गलबारका दिन नेपालभर सार्वजनिक विदा दिने। | |

२०८१ वैशाख ६ गतेको मन्त्रिपरिषद् बैठकका निर्णयहरू

| क्र.सं. | मन्त्रालय | निर्णयको सङ्क्षिप्त व्यहोरा |
|---|---|---|
| १ | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | २०८१ वैशाख १० देखि १२ सम्म थाइल्याण्डको बैङ्ककमा आयोजना हुने Food Labelling Workshop मा राष्ट्रिय योजना आयोगका माननीय सदस्य प्रा. शिवराज अधिकारीलाई सहभागी हुन स्वीकृति प्रदान गर्ने। |
| २ | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | २०८१ वैशाख १० देखि १४ सम्म थाइल्याण्डको बैङ्ककमा आयोजना हुने Eightieth Session of the Economic and Social Commission for the Asia and the Pacific कार्यक्रममा राष्ट्रिय योजना आयोगका माननीय सदस्य डा. रमेशचन्द्र पौडेललाई सहभागी हुन स्वीकृति प्रदान गर्ने। |
| ३ | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | थाइल्याण्ड मा सञ्चालन हुने Governance & Anti-Corruption: The Methods and Tools Behind and Effective Corruption-Eradication Strategy विषयक तालिम कार्यक्रमको समापन समारोहमा २०८१ वैशाख २१ देखि २६ सम्म सहभागी हुन अख्तियार दुरुपयोग अनुसन्धान आयोगका माननीय आयुक्त जय बहादुर चन्दलाई स्वीकृति प्रदान गर्ने। |
| ४ | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | आगामी २०८१ जेठ १५-१७ गतेसम्म मलेसियाको क्वालालम्पुरमा सञ्चालन हुने 66th Session of the APO Governing Body कार्यक्रममा सहभागी हुन उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव (उद्योग) लाई स्वीकृति दिने। |
| ५ | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | नेपाल आयल निगम लिमिटेडको कार्यकारी निर्देशकको मासिक तलब र अन्य सुविधा तोक्ने। |
| ६ | ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय | सिँचाइको विकास तथा व्यवस्थापन गर्नेसम्बन्धी विधेयक तर्जुमा गर्न सैद्धान्तिक स्वीकृति दिने। |
| ७ | ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय | नदी तथा जलउत्पन्न विपद् व्यवस्थापनसम्बन्धी विधेयक तर्जुमा गर्न सैद्धान्तिक स्वीकृति दिने। |
| ८ | गृह मन्त्रालय | नेपाल हज समितिको अध्यक्षमा श्री इस्रा मुल्ला मिया, नवलपरासीलाई नियुक्त गर्ने। |
| ९ | परराष्ट्र मन्त्रालय | आगामी १४ देखि १७ जेठ २०८१ सम्म एन्टिगुवा र बारबुडाको राजधानी सेन्ट जोनमा आयोजना हुने साना टापू विकासशील राष्ट्रहरूको चौथो सम्मेलनमा परराष्ट्र मन्त्रालयका सचिवलाई सहभागी हुन स्वीकृति प्रदान गर्ने। |

| | | |
|---|---|---|
| १० | परराष्ट्र मन्त्रालय | नेपाल-बंगलादेश द्विपक्षीय परामर्श संयन्त्रको तेश्रो बैठकको कार्यसूची स्वीकृत गर्ने र उक्त बैठकमा भाग लिन परराष्ट्र मन्त्रालयका सचिव नेतृत्वको नेपाली प्रतिनिधिमण्डल गठन गर्ने। |
| ११ | परराष्ट्र मन्त्रालय | सम्माननीय राष्ट्रपति श्री रामचन्द्र पौडेलको मैत्रीपूर्ण निमन्त्रणामा मित्रराष्ट्र कतारका अमिर मौसूफ शेख तमिम बिन अल थानीले गर्नुहुने नेपालको राजकीय भ्रमण कार्यक्रम स्वीकृत गर्ने। साथै, कतारसँग हुने द्विपक्षीय वार्तामा नेपाली प्रतिनिधिमण्डलको नेतृत्व सम्माननीय प्रधानमन्त्रीज्यूले गर्ने। |
| १२ | युवा तथा खेलकुद मन्त्रालय | नेपाल र कतारबीचको युवा तथा खेलकुदसम्बन्धी "Memorandum of understanding on cooperation in the field of youth and sports between the Government of the state of Qatar and the Government of Nepal" विषयक समझदारी पत्र स्वीकृत गर्ने। |
| १३ | वन तथा वातावरण मन्त्रालय | २०८१/०१/१० देखि २०८१/०१/११ सम्म भुटानको पारोमा आयोजना हुने Sustainable Finance for Tiger Landscapes Conference मा माननीय वन तथा वातावरण मन्त्रीलाई सहभागी हुन स्वीकृति प्रदान गर्ने। |
| १४ | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | नेपाल सरकार र कतार सरकारबिच हुने "Cooperation in the field of Education, Higher Education and Scientific Research विषयक समझदारीपत्र स्वीकृत गर्ने। |
| १५ | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, बागमती प्रदेशको प्रमुख सचिव पदमा राजपत्राङ्कित प्रथम श्रेणीका सहसचिव श्री गोविन्दबहादुर कार्कीलाई कायम मुकायम मुकरर गर्ने। |
| १६ | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | शनिबार बाहेकका अन्य सार्वजनिक बिदाका दिनहरूमा समेत गोश्वारा हुलाक कार्यालय, हुलाक निर्देशनालयहरू, जिल्ला हुलाक कार्यालयहरू र अन्तर्गतका हुलाक कार्यालयहरू सञ्चालन हुने गरी बिदा निर्धारण गर्ने। |
| १७ | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | "The Pandemic Fund" बाट प्राप्त हुने अनुदानको कार्यक्रम सञ्चालनका लागि स्वीकृति दिने। |
| १८ | नेपाल लेखापरीक्षण सेवा समूहीकरणतर्फको राजपत्राङ्कित विशिष्ट श्रेणीको उपमहालेखापरीक्षक पदमा नायबमहालेखापरीक्षक श्री बैकुण्ठबहादुर अधिकारीलाई बढुवा गर्ने। | |
| १९ | नेपाल प्रशासन सेवा समूहीकरणतर्फको राजपत्राङ्कित विशिष्ट श्रेणीको पदमा कायम मुकायम प्रमुख सचिव श्री केदारनाथ शर्मालाई बढुवा गर्ने। | |
| २० | राष्ट्रिय मानव अधिकार आयोगको सचिव पदमा श्री मुरारीप्रसाद खरेललाई नियुक्त गर्ने। | |